मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५

Purwanchal National Daily

सूचना

**बेरोजगार सूचीमा नाम दर्ता गर्नेबारे सूचना**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ.व. २०७७/०७८मा १०० (एक सय) दिनको न्यूनतम् रोजगारीमा संलग्न हुने चाहने बेरोजगार व्यक्ति २०७६ चैत महिनाभर आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगार सूचीमा नाम दर्ता गर्नुहुन सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २५ ◆ अङ्क : २७६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ भदौ १७ गते बुधवार (Wednesday, September 2. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

# जोखिममा बिन्दुली बाँध क्षेत्रका बासिन्दा



**अमित खम्बू**

**अर्जुनधारा, भदौ १६।** स्थायी तटबन्धनको लागि सम्बन्धित निकाय गम्भीर नबन्दा झापा बुद्धशान्ति-२स्थित बिन्दुली बाँध क्षेत्र नजिकका वासिन्दाहरु जोखिममा हुने गर्छन् ।

आकाशमा कालो बादल मडारिन थालेको दृश्यसँगै अविरल वर्षापछि स्थानीय बिरीङ नदीमा आउने बाढीले बाँध भत्काई पानी मानव वस्तीसँगै खेतीयोग्य जमिनमा पस्ने हो कि भन्ने चिन्ताले उनीहरुलाई सताउने गरेको छ । यही चिन्ता र भयले उनीहरु राति समेत निदाउन सक्दैनन् ।

वि.सं. २०२१, २०२८, २०३१ र २०६० सालमा गरी हालसम्म चारपटक बिरीङ नदीले बाँध भत्काई गरेको क्षतिबारे स्मरण गर्दै स्थानीय हेमकुमार निरौला भन्छन्- वर्षाको समयमा अचानक नदीमा आउने बाढीले बाँध भत्काई जनधनको क्षति पो हुने हो कि भन्ने पीडासँगै बस्नुपर्ने हुन्छ ।

नदीले बाँध भत्काएको खण्डमा बुद्धशान्ति-२ नम्बर वडासँगै छिमेकी अर्जुनधारा नगरपालिकाका ८, ७, ९, ६ र ५ नम्बर वडा र बिर्तामोड नगरपालिकाका केही वडाका वासिन्दा प्रभावित हुनुका साथै खेतीयोग्य जमिन बगरमा परिणत हुने जोखिम रहेको उनले बताए । यस समस्याको दीर्घकालीन समाधान भनेको नै तीनवटै पालिकाले समन्वय गरी संयुक्त रुपमा स्थायी तटबन्धन गर्नु बाहेक अन्य विकल्प छैन- उनले दावी गरे ।

यत अर्का स्थानीय देवेन्द्र भण्डारी बाँध क्षेत्रको तीन सय मिटर पूर्व र दक्षिणमा जनताको तटबन्धन कार्यक्रममार्फत् तटबन्धनको कार्य भए पनि बाढीबाट हुने मुख्य जोखिम रहेको बिन्दुली बाँध क्षेत्रमा भने हालसम्म तटबन्धन हुन नसक्नु दुःखद् भएको बताउँछन् । निर्वाचनको समयमा उम्मेदवारको राजनीतिक घोषणा पत्रमा उल्लेख हुने बिन्दुली बाँध तटबन्धन गर्ने कार्य निर्वाचन सम्पन्न भएपछि भने हराउने गरेको उनले गुनासो गरे ।

चौथोपटक बाँध भत्काएको समयमा लगाइएको पूरानो जालीको भरमा रहेको त्यस क्षेत्रमा जलाधारकोतर्फबाट स्थायी तटबन्धनको लागि आफूहरुले पटक-पटक पहल गर्दा पनि सम्बन्धित निकायले कार्यान्वयनमा भने चासो नदिएको अर्का स्थानीय राजकुमार श्रेष्ठले बताए ।

स्थायी तटबन्धनको विषयमा बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष रमेशकुमार भुजेलसँग सम्पर्क गर्दा उनले त्यस क्षेत्रमा स्थायी तटबन्धनको लागि १०-१५ करोड बजेट आवश्यक पर्ने हुँदा गाउँपालिकाको पहुँच नपुग्ने भएकोले जनताको तटबन्धन कार्यक्रममा समावेश गरेको बताए । त्यसको लागि सो कार्यालयले विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार पार्ने कार्य सम्पन्न गरेको उनले जानकारी दिए । चालू आर्थिक वर्ष ०७७/०७८मा दुई पालिका बुद्धशान्ति र अर्जुनधाराको लागि दुई करोड रुपैयाँ बजेट विनियोजन भएको हुँदा सोही बजेटबाट त्यस क्षेत्रमा स्थायी तटबन्धनको लागि कार्य शुरु हुने आफूले जानकारी पाएको जनताको तटबन्धन कार्यालयलाई उद्धृत गर्दै अध्यक्ष भुजेलले बताए ।

**बाढीले बिन्दुली बाँध क्षेत्रको जाली बगायो**

मंगलबार विहानको वर्षासँगै नदीमा आएको बाढीले बिन्दुली बाँध क्षेत्रमा लगाइएको अनुमानित ६० मिटर पूरानो जाली बगाएको स्थानीय निरौलाले

*(बाँकी अन्तिम पृष्ठमा)*

## झापामा पहिरो, पानीको मुहान पुरियो

**बुद्धशान्ति, भदौ १६।** भारी वर्षाका कारण धुलाबारी खानेपानीको मुहान पुरिँदा नियमित पानी वितरणमा कठिनाइ भएको छ ।

बुद्धशान्ति गाउँपालिका-६ स्थित पानीको मुहान पहिरोका कारण पुरिँदा पानी वितरणमा समस्या भएको हो । पहिरो पन्छाउन पहल भइरहेको धुलाबारी खानेपानी उपभोक्ता समितिका उपाध्यक्ष चेतन विष्टले बताए । विकट ठाउँमा मुहान छ, जेसीबी जाने बाटो छैन- उनले भने- मजदुर लगाएर पहिरो हटाउने काम गरिरहेका छौँ । थप पानी परेन भने तीन चार दिनभित्रमा सकिन्छ होला । अनि मात्र पानी वितरण नियमित गर्न सकिन्छ ।

पहाडको फेदीबाट निस्किएको जरुवा पानी जापान सरकारको आर्थिक सहयोगमा १३ वर्ष अघिदेखि ल्याएर धुलाबारी खानेपानी उपभोक्ता समितिले मेचीनगर ९, १० र ११ नम्बर वडाका चार हजार सात सयभन्दा बढी उपभोक्तालाई वितरण गर्दै आएको थियो । समितिका उपाध्यक्ष विष्टले सो जरुवा पानीसँगै डिप बोरिङबाट खानेपानीको कार्यालय र मागुरमाडीबाट पानी निकाल्दै आए पनि त्यसले आधा उपभोक्तालाई पनि नधान्ने बताए । उनले तत्काल विकल्प नखोजे धुलाबारीमा पानीको हाहाकार हुने बताए ।

स्थानीय सरकारप्रति लक्षित समुदायको गुनासो

# 'उपेक्षा' र 'बहिष्करण'को अन्त्य गर्न खबरदारी



**नरेन्द्र ढकाल**

**बिर्तामोड, भदौ १६।** लक्षित वर्ग तथा समुदायका सरोकारवालाहरुले स्थानीय सरकारबाट आफूहरु उपेक्षित भएको गुनासो गरेका छन् ।

स्थानीय सरकारको बजेट तथा नीति कार्यक्रम निर्माण प्रक्रियामा आफूहरु बहिष्करणमा परेको उनीहरुले गुनासो गरेका हुन् । मंगलबार झापाको बिर्तामोडमा संवाद समूहको सचिवालयले आयोजना गरेको कार्यक्रममा बोल्दै उनीहरुले यस्तो बताएका हुन् ।

छलफलमा सहभागी वक्ताहरुले हरेक कार्यक्रममा लक्षित वर्गका समुदायलाई उपेक्षा गर्दै सीमित व्यक्तिले मात्रै बजेट निर्माण गर्ने गरेका कारण आफूहरुको समुदाय सँधै ओझेलमा परेको बताएका छन् । कार्यक्रममा सहभागीहरुले लक्षित वर्गलाई स्थानीय सरकारको बजेट तथा नीति कार्यक्रम निर्माण प्रक्रियामा सहभागिता र कार्यान्वयनमा अबका दिनमा छलफल गराउन आग्रह गरेका छन् ।

लक्षितवर्गका प्रतिनिधिमूलक संस्थाको अगुवाई र समन्वयमा अबका दिनमा हरेक पालिकामा लक्षितवर्गलाई नीति, निर्माण तथा योजनामा सहभागी गर्न र बजेट कार्यान्वयन साझा रुपमा अगाडि बढाउन संवाद समूहले संयोजन गरेर छलफललाई व्यापक बनाउन आग्रह गरेका छन् । लक्षितवर्ग र आदिवासी जनजाति महासंघ मिलेर बजेट कार्यान्वयन र सामाजिक सरोकारका विषयमा स्थानीय सरकारका गतिविधिहरुमा लक्षितवर्गको प्रतिनिधित्व गराउन समन्वय र सहकार्य गर्दै आफूहरुको अधिकार स्थापित गर्न अग्रसर हुने साझा निष्कर्ष निकालेका छन् ।

कार्यक्रममा आदिवासी नेता भरतकुमार श्रेष्ठले आदिवासीका हरेक कार्यक्रममा लक्षित वर्गलाई छुटाउने गरेको बताए । संघीयता आएसँगै आफूहरुको उत्थानमा तीनवटै सरकारले सहयोग गर्ने अपेक्षा राखे पनि अहिले आफूहरु बहिष्करणमा परेको उनले गुनासो गरे । उनले आदिवासी तथा लक्षित वर्गको अधिकारलाई कटौती गर्दै स्थानीय तहले बजेट निर्माण तथा कार्यक्रममा आफूहरुलाई विभेद गरेको गुनासो गरे ।

त्यस्तै नेत्रहीन संघ झापाका उपाध्यक्ष दीपक थापाले दृष्टिविहीनलाई स्थानीय तहले कुनै सहयोग नगरेको गुनासो गरे । आफूहरुलाई बजेट छुट्याउन स्थानीय जनप्रतिनिधिले कुनै पहल नगरेको भन्दै उनले कार्यक्रमका लागि बजेट छुट्याउन आग्रह गरे पनि जनप्रति[redacted] 'समोसा खाने' कार्यक्रमम[redacted] छुट्याउन नमिल्ने भन्दै विभेद [redacted] गुनासो गरे ।

त्यस्तै कोचिला महिल[redacted] बिर्तामोडकी अध्यक्ष शर्मिला [redacted] महिलाहरुको अधिकार स्थापि[redacted] लागि स्थानीय तहले कुनै सहयो[redacted] बताइन् । लक्षितवर्गलाई छुट्याउनुपर्ने बजेट अन्यत्र रकमान्तरण गर्ने गरेको उनको भनाइ छ । त्यस्तै मेची बहिरा संघका हरि अधिकारीले सुन्ने र बोल्न नसक्ने बहिराहरुलाई बजेटमा स्थानीय सरकारले विभेद गरेको गुनासो गरे । आफूहरुलाई दोभासे राखेर सहयोग गरिदिन आग्रह गरे पनि बिर्तामोड नगरपालिकाले नगरपालिकाकै कर्मचारीका रुपमा राख्ने गरेको बताए ।

अन्य क्षेत्रमा आफूहरुले कार्यक्रमका लागि सहयोग माग्दा कतैबाट सहयोग नपाएकाले लक्षितवर्गको वृत्ति विकासमा सरकारले उपेक्षा गरेको बताए ।

त्यस्तै आदिवासी जनजाति महिला नेतृ गंगा मास्केले महिलाहरु घरमा नै विभेदमा पर्ने गरेको बताइन् । उनले स्थानीय तहले आफूहरुको शैक्षिक तथा अन्य प्राविधिक वृत्ति विकासका लागि कुनै बजेट बिनियोजन नगरेर महिलाहरुलाई विभेद गरेको बताइन् । बिगतमा हरेक विषयमा छलफल हुने गरे पनि स्थानीय सरकार आएसँगै लक्षित [redacted]र्माण गर्ने [redacted]स्य निता [redacted]दमा पर्ने [redacted] विभेदमा [redacted]क ढंगमा [redacted]र्गका कुनै

*(बाँकी अन्ति[redacted] पृष्ठमा)*

## लुगा सुकाउँदा महिलाको मृत्यु

**सुनसरी, भदौ १६।** सुनसरी दुहबी-१२ बुगडरी मुस्लिम टोल बस्ने २७ बर्षीया गुलेसा खातुनको करेन्ट लागेर मृत्यु भएको छ ।

मंगलवार दिउँसो सवा १२ बजे आफ्नै घरमा लुगा सुकाई रहेको अवस्थामा अचानक मिटरको तार सर्ट भई करेन्ट लागेर बेहोस भएकी खातुनलाई उपचारार्थ लैजाँदै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

# कनकाईका ३६ शिक्षक-कर्मचारीलाई ल्यापटप

**सुरुङ्गा, भदौ १६।** कनकाई माध्यमिक विद्यालय, सुरुङ्गाले तीन कर्मचारीसहित ३६ शिक्षकलाई ल्यापटप वितरण गरेको छ ।

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्रको नमूना विद्यालय विकास गुरुयोजना अनुसार शिक्षक कर्मचारीलाई ल्यापटप वितरण गरिएको हो । ती ल्यापटप खरिदमा विद्यालयको ७५ प्रतिशत र शिक्षक-कर्मचारीको २५ प्रतिशत साझेदारी रहेको छ ।

एक कार्यक्रमका बीच प्रमुख अतिथि कनकाई नगरपालिका प्रमुख राजेन्द्रकुमार पोखरेलले ल्यापटप वितरण गर्दै विद्यालयलाई प्रविधिमैत्री बनाउने उद्देश्य अनुरुप सूचना सञ्चार प्रविधिको विकास गर्ने लक्ष्यका साथ समयसापेक्ष पहल गरेको भन्दै प्रशंसा गरे । प्रमुख पोखरेलले कनकाई नगरीलाई शिक्षाको हब बनाउने



योजनालाई कनकाई माविको कदमले थप सहयोग पुग्ने बताए ।

कार्यक्रमका विशेष अतिथि कनकाई नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख उपसचिव पीताम्बर गौतमले युग अनुरुप शिक्षकले आफूलाई बदल्नुपर्ने बताए । उपसचिव गौतमले शिक्षकहरुले चाहने हो भने शिक्षा क्षेत्रमा ठूलो परिवर्तन आउने र कनकाई नगरले पनि गुणस्तरीय शिक्षाको लागि कार्ययोजना बनाएको बताए । उनले कोरोनाको विषम परिस्थिति साम्य भएपछि नगरपालिकाले शिक्षामा अघि सारेका कार्ययोजना लागू गर्दै लैजाने विश्वास दिलाए । अर्का विशेष अतिथि कनकाई नगरपालिकाका सामाजिक विकास समितिका संयोजक नबलकिशोर दत्तले कनकाई माविले नगरमै शिक्षा क्षेत्रमा नेतृत्वदायी भूमिका खेलिरहेकोमा प्रशंसा गरे । उक्त कार्यक्रमका अध्यक्ष समेत रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जनार्दन उप्रेतीले २२ सय बढी विद्यार्थी संख्या पुगेको र २४ जनाभन्दा बढी शिक्षकहरु निजी दरबन्दीमा कार्यरत रहेकाले आर्थिक रुपमा विद्यालयलाई टिकाउन कठिनाइ भएको बताए ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## पूर्वाञ्चल दैनिकको कार्यालयको फोन नम्बर परिवर्तन

पहिले ०२३-५४१००२/ ५४००४४

अहिले ०२३-५३१००२/ ५३००४४

सूचना ! सूचना !! सूचना !!!

हाम्रो नेपाल बच[redacted]
बितामोड-४ झापाको [redacted]भा
स्थगन ग[redacted]

[redacted]५/१६

यस सहकारी संस्थाको अ[redacted]गतेको
दिन सम्पन्न गर्ने भनी पूर्वनिध[redacted]डरमा
समेत उल्लेख गरिएको सम[redacted] छ ।
विश्वव्यापी महामारीको रुप[redacted]9) को
संक्रमणको जोखिम नेपालम[redacted]स्थामा
उक्त संक्रामक रोगको रो[redacted]कारले
चालेको सम्पूर्ण कदमहरुको[redacted] यसर्थ
भीडभाड हुने परिस्थिति र[redacted]र्धारण
गरिएको मिति २०७७ भदौ [redacted]णसभा
सम्पन्न गर्न नसकिने भएक[redacted] लागि
स्थगन गरिएको सम्बन्धित [redacted] सदस्य
महानुभावहरुमा यसै सूचना[redacted]हज र
अनुकूल हुनासाथ साधारणस[redacted]बन्धित
सबैमा जानकारी गराइन्छ [redacted]

*कोरोना भाइरसको जो[redacted]*

भवानी[redacted]

जाँदाजाँदै झापाका सिडिओ उदयबहादुर रानाले भने

# झापालाई कहिल्यै विर्सन्नँ





तस्वीर : बिनोद पाण्डे/पूर्वाञ्चल

**तुलसीप्रसाद निरौला**

**विर्तामोड, भदौ १६।** चीनको विशेष प्रशासनिक क्षेत्र हङ्कङ र मकाउका लागि महावाणिज्यदूत नियुक्त भएका झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर रानामगरलाई सम्मानसहित विदाइ गरिएको छ ।

बिर्तामोडमा मंगलवार आयोजना गरिएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी रानामगरलाई एक दर्जनभन्दा बढी सामाजिक संघ-संस्थाले सम्मानसहित विदाइ गरेका हुन् ।

प्रमुख जिल्ला अधिकारी रानामगरलाई एकका लागि एक अभियान, बिर्तामोड उद्योग वाणिज्य संघ, सहारा नेपाल, नेपाल रेडक्रस सोसाइटी विर्तामोड उपशाखा, झापा गोल्डकप, संवाद समूह झापा, राष्ट्रिय उपभोक्ता मञ्च झापा, वीरता जेसीज, वीरता लेडी जेसीज, रोटरी क्लव अफ बिर्तामोड, रोटरी क्लव अफ बिर्तामोड मिडटाउन र पूर्वाञ्चल राष्ट्रिय दैनिकले सामुहिक सम्मान गरेका थिए ।

एकका लागि एक अभियानका संयोजक तथा सहारा नेपालका प्रमुख कार्यकारी निर्देशक महेन्द्रकुमार गिरीको अध्यक्षता तथा झापाका प्रमुख जिल्ला अधिकारी रानामगरको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईले स्वागत गरेका थिए ।

कार्यक्रममा पूर्वाञ्चल राष्ट्रिय दैनिकका प्रधानसम्पादक तथा संवाद समूह झापाका सहजकर्ता एकराज गिरीले सम्मान-पत्र वाचन गरेका थिए । एकका लागि एक अभियानका संयोजक तथा सहारा नेपालका प्रमुख कार्यकारी निर्देशक गिरी, अभियानका सहसंयोजक तथा झापा गोल्डकपका अध्यक्ष बिनोद बस्नेत, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष अध्यक्ष भट्टराई, नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखा सभापति सजेश शिवाकोटी, राष्ट्रिय उपभोक्ता मञ्च झापाका अध्यक्ष मदनगोपाल सुव्वा, वीरता जेसीजका अध्यक्ष मिजास पोखरेल, वीरता लेडी जेसीजकी अध्यक्ष सुष्मा पौडेल, रोटरी क्लव अफ बिर्तामोडका प्रेसिडेन्ट निर्मल भट्टराई, रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका प्रेसिडेन्ट प्रशान्त भण्डारीले प्रमुख जिल्ला अधिकारी रानामगरलाई सम्मानपत्र, दोसल्ला र खादाद्वारा सम्मान गरेका थिए ।

त्यस्तै कार्यक्रममा मेची पेट्रोलियम डिलर्स एशोसिएसनका अध्यक्ष नवीन कोइराला , कोषाध्यक्ष अमित सरिया, वैदेशिक रोजगार व्यवसायी संघ झापाका सल्लाहकार भानुप्रसाद शिवाकोटी, फर्निचर व्यवसायी खगेन्द्र खरेल, लायन्स क्लवका डिस्ट्रिक चियर पर्सन ओमकृष्ण विमली, नेपाल उद्यमशील महिला संघ झापाकी अध्यक्ष पार्वता खरेल विमली, टेलरिङ व्यवसायी संघ झापाका महासचिव वीरु दर्नाल, रौनीयार सेवा समाज झापाकी अध्यक्ष संगीता रौनियार, निर्माण व्यवसायी केदार गिरी, बिर्तामोड खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका पारस मैनाली, नेपाल फोटो पत्रकार महासंघ झापाका अध्यक्ष बिनोद पाण्डे, इलाका प्रहरी कार्यालय अनारमनीका डीएसपी मुकुन्द रिजाल, नेपाल अलैंची व्यवसायी महासंघका सल्लाहकार पवन विन्दल, पाथीभरा एफएमका प्रवन्ध निर्देशक राजेन्द्र चम्लागाँई लगायतले प्रमुख जिल्ला अधिकारी रानामगरलाई खादा र मायाको चिनो प्रदान गरेका थिए ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय सदस्य तथा झापा सभापति लोकराज ढकालले प्रमुख जिल्ला अधिकारी रानामगरले झापामा रहँदा निर्वाह गरेको भूमिकाको प्रशंसा गरेका थिए । उनले जिल्ला प्रशासन कार्यालय झापामा टोकन प्रणालीको व्यवस्था, पुस्तकालयको व्यवस्था गर्नुका साथै विपद् व्यवस्थापन र सुरक्षा व्यवस्था सुदृढ बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको वताए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी रानामगरले झापा बसाइ सुखद् रहेको स्मरण गर्दै एक वर्षको अवधिमा आफूले ५५ वटा काम गरेको बताए । अब आउने नयाँ प्रमुख जिल्ला अधिकारीलाई त्यसले थप जिम्मेवार बनाउने उनले बताए । प्रजिअ रानामगरले झापाको सुरक्षा व्यवस्था सुदृढ पार्न सबैले गरेको सहयोगको सह्राहना गरे । आफूले जीवनमा झापा र झापावासीको सद्भाव, एकता र मायालाई कहिल्यै नबिर्सने उनले बताए ।

संवाद समूह झापाले समाजमा हुने विवाद अन्त्यका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै प्रजिअ रानाले त्यसले जिल्ला प्रशासन कार्यालयलाई समेत सहयोग पुर्‍याएको बताए । संवाद समूहको जस्तो असल अभ्यास अरु जिल्लामा पनि शुरु गर्न आफूले पहल गर्ने उनले बताए । त्यस्तै उनले सहारा नेपालसहित विभिन्न सामाजिक संघ-संस्थाको सहभागितामा शुरु भएको एकका लागि एक अभियानको प्रशंसा गर्दै अभियान अन्य जिल्लाका लागि अनुकरणीय हुने वताए ।

एकका लागि एक अभियानको अगुवाईमा जनस्तरबाट झापाको कनकाई नगरपालिका-४ कोटीहोमस्थित समर्पण राष्ट्रिय अभियानको भवनमा पीसीआर ल्याब स्थापना गर्नु झापावासीको एकताको नमूना भएको उनले बताए । कोरोना भाइरसको संक्रमण नियन्त्रणका लागि पीसीआर ल्याब चाँडै सञ्चालनमा ल्याउनु पर्नेमा उनले जोड दिए ।

त्यस्तै नेपाल रेडक्रस सोसाइटी झापाले विपद् व्यवस्थापनका लागि खेलेको भूमिका महत्वपूर्ण रहेको भन्दै प्रमुख जिल्ला अधिकारी रानामगरले कोरोना भाइरसको संक्रमण न्यूनीकरण गर्न र अन्य मानवीय सेवाका लागि आफूले रेडक्रससँग सहकार्य गर्ने अवसर पाएको स्मरण गरे ।

त्यस्तै उनले चीनको विशेष प्रशासनिक क्षेत्र हङ्कङ र मकाउका लागि महावाणिज्यदूतमा नियुक्त भएकाले बिर्तामोड उद्योग वाणिज्य संघका व्यवसायीहरुसंगको सम्बन्ध प्रगाढ हुने बताए । उनले व्यवसाय र व्यवसायीको हितका लागि आफू महावाणिज्य दूत भएकाले बिर्तामोड उद्योग वाणिज्य संघमा आवद्ध व्यवसायीहरुलाई हङ्कङ र मकाउ आउन निमन्त्रणा समेत दिए । कार्यक्रमको सञ्चालन बिर्तामोड उद्योग वाणिज्य संघका महासचिव तथा रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका प्रेसिडेन्ट प्रशान्त भण्डारीले गरेका थिए ।

## बाह्रदशी-६मा बर्थिङ सेन्टरसहितको स्वास्थ्य सेवा

**झापा, भदौ १६।** स्थानीय दाताले सात कट्ठा जमिन निःशुल्क प्रदान गरेसँगै बाह्रदशी गाउँपालिका-६मा स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न भएको छ ।

बर्थिङ सेन्टरसहितको स्वास्थ्य चौकी भवन निर्माणका लागि स्थानीय समाजसेवी भानुप्रसाद तिवारीको स्मृतिमा उनका दुई छोराहरु ज्ञानेन्द्र र पुण्यप्रसाद तिवारीले सात कट्ठा जमिन निःशुल्क प्रदान गरेसँगै स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न गरिएको वाह्रदशी गाउँपालिका-७का वडाध्यक्ष मित्रप्रसाद भट्टराईले जानकारी दिए ।

शहरी विकास तथा भवन निर्माण विभागको तीन करोड रुपैयाँको लागतमा नवनिर्मित भवनमा बर्थिङ सेन्टर समेत सञ्चालनमा ल्याइएको छ । बाह्रदशी गाउँपालिका अन्तर्गत पाँच वटा स्वास्थ्य केन्द्र रहेको छन् । जसमा इलाका स्वास्थ्य चौकी राजगढमा मात्रै बर्थिङ सेन्टर रहेकाले गाउँपालिकाका उत्तरी भेगका सर्बसाधारणलाई सेवा प्रदान गर्न सहज होस् भन्दै स्वास्थ्य चौकी डाँगीवारीमा बर्थिङ सेन्टर सञ्चालनमा ल्याइएको वाह्रदशी गाउँपालिका स्वास्थ्य शाखा प्रमुख रामकुमार साहले बताए । उनले महामारीको यो समयमा पनि स्वाथ्यकर्मीहरुले स्वास्थ्य सावधानी अपनाएर



नियमित सेवा प्रदान गरिरहेको बताए ।

गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीले उद्घाटन गरेको बर्थिङ सेन्टरमा २४सै घण्टा सेवा प्रदान गर्ने जनाइएको छ । बर्थिङ सेन्टर सञ्चालनमा आएसँगै डाँगीवारी आसपासका महिलाहरुलाई सुरक्षित प्रसूतिका लागि फाइदा पुग्ने अध्यक्ष राजवंशीले बताए ।

वाह्रदशी गाउँपालिका-६का अध्यक्ष रत्नप्रकाश योङ्हाङको अध्यक्षतामा वर्थिङ सेन्टर उद्घाटन गरिएको थियो । सो अवसरमा दातालाई सम्मान समेत गरिएको छ ।

बाह्रदशी गाउँपालिकाले हरेक वडामा स्वास्थ्य चौकी बनाउने अभियान सञ्चालन गरेको छ । सोही अभियान अन्तर्गत बाह्रदशी-६ सिमल चौक नजिकै स्वास्थ्य चौकी भवन निर्माण भएको हो ।

यता आदिवासी र मुस्लिम समुदायको बाहुल्य रहेको वाह्रदशी-४मा महामारीको यो समयमा स्वास्थ्य सेवा प्रदान गर्न कठिन हुने गरेको स्वास्थ्यकर्मीले बताउँदै आएका छन् । स्वास्थ्य केन्द्र चकचकीका प्रमुख रामनारायण शर्माले महामारीको यस्तो भयावह अवस्थामा सेवा लिन आएका सर्वसाधारणले स्वास्थ्य सावधानी नअपनाउँदा जोखिम बढेको बताएका छन् ।

कोरोना माहामारीको कहरका बीच बाह्रदशी गाउँपालिकामा मात्रै होइन अहिले झापाका सबै पालिकामा रहेका स्वास्थ्य संस्थाले स्वास्थ्य सचेतना अपनाएर नियमित स्वास्थ्य सेवा प्रवाह गरिरहेका छन् ।



**बाढीले ढल्काएको विद्युत्को पोलः** वर्षासँगै मंगलबार बिहान झापाको अर्जुनधारा–७ भई बग्ने बिरीङ नदीमा आएको बाढीले ढल्काएको विद्युत्को पोल । उक्त विद्युत् पोललाई तत्काल व्यवस्थापन गर्न नसके त्यसले जोखिम निम्त्याउन सक्छ ।

**तस्वीरः अमित खम्बू/पूर्वाञ्चल**

### उपेक्षा ...

कार्यक्रमलाई प्राथमिकता नदिएको उनको भनाइ छ । उनले लक्षित वर्गको विकासका लागि प्राविधिक शिक्षामा जोड दिनुपर्ने बताइन् । लक्षित वर्गलाई पहिचान गरेर त्यस क्षेत्रसम्म पुग्ने बजेट विनियोजन गर्न जरुरी रहेको उनको भनाइ छ ।

जनता समाजवादी पार्टीकी नेतृ संगीता रौनियारले लक्षितवर्गसम्म बजेट पुर्‍याउन जनप्रतिनिधि असफल भएको र अब बजेटको खोजी आफैंले गर्नुपर्ने बताइन् । उनले खबरदारी गर्नका लागि लक्षित समुदाय एक भएर अगाडि बढ्न जरुरी रहेको उल्लेख गरिन् ।

कार्यक्रममा सञ्जय शेख, बडाराम हेमरम, निशा कर्ण, खड्गनारायण राजवंशी, ज्वाला लिम्बू, एजाज अहमद लगायतले लक्षितवर्ग सँधै उपेक्षामा परेको र अब लक्षित वर्गका कार्यक्रम लक्षितवर्गसम्म नै पुर्‍याउन सबै पक्षले दवाब सिर्जना गर्नुपर्नेमा जोड दिए ।

संवाद समूह झापाले संयोजन गरेको छलफल कार्यक्रमको सहजीकरण गर्दै बिर्तामोड नगरपालिकाका वरिष्ठ कार्यक्रम अधिकृत जय तिम्सिनाले सामाजिक विकास अन्तर्गत वार्षिक रुपमा बजेट विनियोजन गरेर लक्षित वर्गलाई सहभागिता गराउने गरेको उल्लेख गरे । स्थानीय जनप्रतिनिधि आएपछि सबै क्षेत्रको प्रतिनिधित्व भएको अनुभूति गरे पनि लक्षित वर्गसम्म अझै बजेट पुग्न नसकेको गुनासो प्रति बिर्तामोड नगरपालिका संवेदनशील रहेको र व्यवहार समस्या तथा रणनीतिक समस्या समाधान गर्न स्थानीय जनप्रतिनिधिलाई खबरदारी गर्न जरुरी भएको उनको भनाइ छ ।

प्रत्येक वार्डले दश लाख रुपैयाँ बजेट छुट्याएर लक्षित समुदायलाई समावेश गराउने गरे पनि त्यसमा अझै अनुगमन र नियमनको खाँचो रहेकाले त्यसतर्फ बिर्तामोड नगरपालिका सचेत भएको उनको भनाइ छ । उनले स्थानीय सरकार सञ्चालन ऐन निर्माण गरेर लक्षितवर्गका समस्यालाई उजागर गर्दै लक्षितवर्गको वृत्ति विकासका लागि बजेटमा प्राथमिकता दिइने प्रतिबद्धता जनाए । गुनासोहरु क्रमशः सम्बोधन गर्दै जाने बताउँदै उनले समस्याहरु अगाडि ल्याउन आग्रह गरे ।

स्थानीय तहको लक्षितवर्गको बजेट कार्यान्वयनको अवस्था र नीति निर्माणको विषयमा गरिएको कार्यक्रमको सहजीकरण संवाद समूह सचिवालयका अधिवक्ता खगेन्द्र खरेलले गरेका थिए ।

### कनकाईका ...

उनले दरबन्दी मिलान गर्दा विद्यार्थी संख्याको आधारमा दरबन्दी दिन स्थानीय सरकारसँग माग गरे ।

कार्यक्रममा प्रधानाध्यापक कर्णबहादुर डाँगीले नमूना विद्यालय विकास कार्यक्रमको पञ्चवर्षीय योजना अन्तर्गतको तेस्रो वर्षमा अगाडि बढिरहेको, सूचना र सञ्चार प्रविधिको युगमा शिक्षकले शिक्षण सिकाइको क्षेत्रमा अद्यावधिक हुनुपर्ने बताए । शैक्षिक गुणस्तर अभिवृद्धिका लागि नवीनतम् प्रविधिमा पहुँच पुगोस् भनेर ल्यापटप वितरण योजना अघि सारिएको उनले बताए । प्रअ डाँगीले कोरोना महामारीका प्रतिकूल समयमा पनि शिक्षकहरुलाई सूचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था गरी असारको दोस्रो सातादेखि कक्षा ४देखि १० सम्मका बिद्यार्थीलाई निरन्तर अनलाइन कक्षा सञ्चालन गरिरहेको जानकारी दिए । उनले अनलाइन कक्षामा २५-३० प्रतिशत मात्र विद्यार्थीको पहुँच भएकोमा यो समस्या हल गर्न अभिभावक, शिक्षासेवी, स्थानीय सरकार, नगर शिक्षा समिति र पूर्व विद्यार्थीहरुसँग उनले अपिल गरे । विद्यालयमा ५९ जना पूर्णकालीन, ६ जना आंशिक शिक्षक र ११ जना कर्मचारी रहेको र २४ जनाभन्दा बढी शिक्षक-कर्मचारी निजी स्रोतबाट कार्यरत रहेकाले तलब व्यवस्थापन र भौतिक स्रोतको व्यवस्थापनमा चुनौति देखिएको बताए । आगामी चैतसम्ममा थप १७ थान ल्यापटप खरिद गरी शिक्षक-कर्मचारीलाई वितरण गरिने कार्ययोजना रहेको प्रअ डाँगीले जानकारी दिए ।

ल्यापटप प्राप्त गर्ने शिक्षक-कर्मचारीको तर्फबाट शिक्षक दिलीपकुमार खतिवडाले विद्यालयबाट प्राप्त सामग्रीको शिक्षण सहजीकरणमा उपयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

विद्यालय व्यवस्थापन समितिका सदस्य एवम् शिक्षक प्रतिनिधि बल्लभकुमार गौतमले स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन शिक्षक तीर्थराज खरेलले गरेका थिए ।

### जोखिममा ...

बताए । बाढीले जाली बगाएको बाँध क्षेत्रमा सोही दिन पूर्व सामान्य प्रशासन मन्त्री केशवकुमार बुढाथोकी, अर्जुनधारा नगरपालिकाका प्रमुख हरिकुमार राना, जनताको तटबन्धन कार्यालयका इञ्जिनियर लगायतले अनुगमन गरी तत्काल रोकथाम गर्न नदीमा दुई वटा स्काभेटर परिचालन गरिएको गाउँपालिकाका अध्यक्ष भुजेलले जानकारी दिए ।

अध्यक्ष भुजेलका अनुसार स्काभेटरले नदीको पानीलाई डाइभर्सन गरेपछि जाली बगाएको क्षेत्रमा अस्थाई तटबन्धनको लागि जनताको तटबन्धन कार्यालयबाट बुधबारसम्म एक सय थान र अर्जुनधारा नगरपालिकाबाट २० थान जाली उपलब्ध हुने बताइएको छ ।


## गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैँचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।



सम्पर्कः भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा–५, विहीवारे बजार लक्ष्मीपुर

## विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ ।

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७७।५।१७ | ११ केभी कनकाई फिडर | अनारमनी वितरण केन्द्र अन्तर्गत कन्काई फिडरमा पर्ने चारपाने, लक्ष्मीपुरको क्षेत्र सबै | विहान ७:०० बजेदेखि दिउँसो १२ बजेसम्म | कनकाई फिडर अन्तर्गतको लक्ष्मीपुर चोक उत्तरमा राखिएको २०० केभीए ट्रान्सफर्मर चार्ज गर्ने कार्य तथा मर्मत सम्बन्धी कार्य | उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ । |

नेपाल विद्युत् प्राधिकरण
अनारमनी वितरण केन्द्र, बिर्तामोड, झापा

## हार्दिक श्रद्धाञ्जलि/समवेदना

हाम्रो क्याम्पसका उपप्राध्यापक सहृदयी मित्र श्री कुमार पाठककी ममतामयी माता **मनमाया पाठक**को ८७ वर्षको उमेरमा गत भाद्र ८ गते स्वर्गारोहण भएकोमा हामी क्याम्पस परिवार अत्यन्त दुःखी भएका छौं । यस घडीमा स्वर्गवासी माताप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै शोकसन्तप्त पाठक परिवारमा शोकलाई सहन गर्ने शक्ति प्राप्त होस् भन्ने कामनाका साथ हार्दिक समवेदना व्यक्त गर्दछौं ।



कनकाई आदर्श क्याम्पस परिवार, विर्तामोड, झापा, नेपाल

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी–९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३–५३१००२/प्रशासन/विज्ञापन : ०२३–५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

## अनलाइन सेवा भरपर्दो बनाऊ

दूरसञ्चार सेवाको विकास भएसँगै मानिसका व्यावहारिक जीवनका कतिपय गतिविधिहरु सहज भएका छन् । विकासका पूर्वाधार मध्येको प्रमुख आधारका रुपमा रहेको सञ्चारमाध्यमका साधनहरु मध्ये दूरसञ्चार सेवा आजको प्रमुख आवश्यकताले नै भइसकेको छ । सञ्चारभित्रका छापा माध्यमको विकास पछि प्रारम्भ भएको विद्युतीय माध्यमको साधन यद्यपि सबैको पहुँचमा छैन, तर पनि यसले हिजोका कतिपय असुविधाहरुलाई सुविधामा परिवर्तन गरिसकेको छ । जसका माध्यमबाट विश्वलाई एउटै सूत्रमा उनेको छ । भौगोलिक दूरी भएर पनि विश्वलाई अभिन्न र नजिक बनाएको छ । विज्ञानको पछिल्लो आविष्कार भनिएको कम्प्युटर र मोबाइलको माध्यमबाट विश्वका जुनसुकै गतिविधि, घटना, इतिहास, भूगोल, संस्कृति र समाज व्यवस्थाको जानकारी पाउन सकिने यसभित्रको इन्टरनेट सेवा आज खाना जत्तिकै अनिवार्य भइसकेको छ ।

यो वर्ष विश्वलाई एउटै त्रासमा राख्ने कोरोना भाइरसको चपेटामा इन्टरनेट सेवाको महत्व अझ बढेको छ । शिक्षण संस्थाहरुले यसकै माध्यमबाट अनलाइन कक्षा सञ्चालन गरेका छन् । आमजनताले बैंकिङ कारोबार गरेका छन्, सेवा उपभोगको महशुल तिरेका छन्, हवाई टिकट खरिददेखि उपभोग्य वस्तु सरल ढंगले उपभोग गर्न पाएका छन् । त्यसैले यो सेवा मनोरञ्जन, सञ्चार मात्र होइन व्यावहारिक जीवनका सबै क्षेत्रमा सहायक बनिएको छ र सुरक्षित पनि भएको छ । तर, सबैले यसको उपयोग गर्न नसक्ने अवस्था विद्यमान रहेकाले कोरोना त्रासकाबीच पनि सेवाप्रदायक संस्थाहरुमा महशुल तिर्नेहरुको भीड यथावत छ । जुन तत्कालका लागि जोखिमयुक्त छ, खर्चिलो छ र समय अझ श्रमका दृष्टिले अनुपयुक्त पनि छ ।

व्यस्त जीवनलाई सहज बनाउने ई–सेवाभित्रका असजिला, अप्ठ्यारा र प्रविधिगत त्रुटिले सर्वसाधारण भने हैरान पनि छन् । यही वर्ष कोरोनाले मानिसको दैनिकी अस्तव्यस्त भयो, नियमितता भङ्ग भयो । त्यसमध्ये विद्युत सेवाका उपभोक्ताहरु सबैभन्दा बढी मारमा परेका छन् । बन्दाबन्दीले मिटर जाँचकी आएनन्, उपभोक्ताले महशुल तिर्न पाएनन्, जो इन्टरनेट सेवाको पहुँचमा थिए उनीहरुले ई–सेवाको माध्यमबाट पैसा भुक्तानी गरे । तर, सफ्टवेयरमा नदेखिएको भन्दै प्राधिकरणले बक्यौता मात्र होइन जरिवाना समेत देखाएको छ । राज्यले महासंकटका समयमा राहत दिनुपर्ने समय राज्यद्वारा सञ्चालित प्राधिकरण लगायतका सेवा प्रदायक संस्थाहरुले जनताको ढाड सेक्दैछन् । कर समयमा तिर्नै पर्ने, महशुल समयमै भुक्तानी गर्नुपर्ने अनि राज्य आफैं बन्दाबन्दी गर्ने । राज्यद्वारा सृजित यस्तो आतंक जनताका लागि कोरोनाभन्दा पीडादायी भएको छ । अचानक आइपरेको कोरोना भाइरसको आतंकका बीच राज्यद्वारा सुविधाका नाममा सञ्चालित अनलाइन भुक्तानी सेवा सर्वसाधारणका लागि 'निल्नु न ओकल्नु' बनेको छ । त्यसकारण पनि विद्युत प्राधिकरण लगायतका सेवा प्रदायक संस्थाहरुले वडा–वडामा काउन्टर सञ्चालन गरेर जनतालाई सहज, सरल र सुविधाजनक भुक्तानीको व्यवस्था मिलाउन जरुरी छ । अनलाइनको भरपर्दा कुनै दिन 'नखाएको विष'ले मर्नुपर्ने निश्चित छ । त्यसकारण पनि आफ्नो क्षमताको विकास–विस्तार गरेर मात्र विश्वासयोग्य सेवा प्रदान गर्नुको विकल्प छैन ।

## किसानले मल कहिले पाउने ?

*केन्द्रदेखि स्थानीयतहसम्मका जनप्रतिनिधि महोदय,*

किसान मलखाद नपाएर आक्रान्त छन् । मलखाद कुन बेला चाहिन्छ भन्ने ज्ञानसम्म थिएन र ? आज पाँच हजार बोरा मलखाद चाहिने बेला ५० बोरा मल ल्याएर सयौं किसानहरूको भिड लाउने नाटक के को लागि ? यो भिड कोरोना नियन्त्रण गर्न कि फैल्याउन ? सक्नुहुन्छ भने तुरून्त प्रत्येक वडाको निगरानीमा मल उपलब्ध गराइयोस् । होइन भने मलखाद नपाएर आक्रान्त किसानहरूले कमसेकम दुईगुणा बढी मूल्य तिरेर भए पनि ब्ल्याकमै आएको मल भए पनि जसोतसो लाउँदैछन् त्यो जफत नगर्नुस् महोदय !

हाम्रा जनप्रतिनिधिको दुरदर्शिता हामिले भोगिरहेका छौं । यो भन्दा धेरै किसानलाई नमार्नुस्, किसानको पसिनाले एकदिन तपाईंहरूलाई धिक्कार्नेछ ।

**भरत शिवाकोटी**
शिवसताक्षी–८, झिलझिले

# हात्ती आयो ! हात्ती आयो !! फुस्सा



**चिन्तामणि दाहाल**

**सारांश :**

सत्ताधारी दल नेपाल कम्युनिष्ट पार्टी नेकपाका अर्का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसहितका शीर्ष र प्रभावशाली नेताहरुलाई प्रथम अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले झापा र आठराईको मिश्रित कुटनीतिक क्षमता प्रदर्शन गर्दै ठेङ्गा देखाएका छन् । यसले गर्दा केही हप्तादेखिको नेकपाभित्रको शक्ति संघर्षको विवाद छ सदस्यीय कार्यदल, त्यो पनि महासचिव विष्णु पौडेलको संयोजकत्वमा गठन भएर त्यसले दिएको प्रतिवेदनमा प्रचण्ड सहमत हुन बाध्य भएसँगै हात्ती आयो ! हात्ती आयो !! फुस्सा भएको छ ।



**प्रारम्भ :**

विवादको शुरुवातमै दम थिएन । त्यसैले पंक्तिकारले यसअघि यही आँखा डटकम अनलाइन पत्रिकामा साउन ६ गतेतिर छापिएको अब वो दम कहाँ जो कल था भन्ने शीर्षकमा एउटा आलेख लेखेर विश्लेषण र व्याख्या गरेको थियो । त्यसैको पटाक्षेप अब हुँदैछ ।

दुई अध्यक्ष ओली र प्रचण्डमध्ये यो कार्यदलको गठनसँगै प्रचण्ड पछि हट्न बाँध्य भएको देखियो भने त्यसले दिएको प्रतिवेदन ओलीकै पक्षको भएपछि त्यसै पनि प्रचण्ड पार्टी भित्र कमजोर देखिए । यस्तो अवस्थाको शुरुवात वामदेव गौतमको पैंतरा बदलाईबाट शुरु भएको हो ।

शुरुमा प्रचण्डले ओलीसँग अध्यक्ष र प्रधानमन्त्री दुबै पदबाट राजीनामा माग्दा सचिवालयमा प्रचण्डको साथमा झलनाथ खनाल, माधवकुमार नेपाल, नारायणकाजी श्रेष्ठ र बामदेव गौतम थिए । अर्थात् नौ सदस्यीय सचिवालयमा पाँच जना प्रचण्डका पक्षमा र चार जना ओलीको पक्षमा थिए ।

त्यही ताकतले उफ्रिएका प्रचण्ड, गौतम व्याक हटेर ओलीलाई बल पुग्ने गरी ६ बुँदे प्रस्तावमा आउने बित्तिकै प्रचण्ड पक्ष कमजोर भयो । उनमा वो दम रहेन जो असार १८ गतेको सचिवालय बैठकमा थियो । पार्टीलाई फुट्न दिनुहुन्न भन्ने पक्ष दोश्रो, तेश्रो र कार्यकर्ता तहसम्मका नेतामा बलशाली भयो । हुनु पनि त्यस्तै पर्थ्यो । यसले पनि प्रचण्डलाई झस्कायो । उनकै पक्ष अर्थात् पूर्व माओवादीका प्रभावशाली नेता पनि मिलेर जाने पक्षमा भए ।

उनीहरुले पनि प्रचण्डलाई ओलीसँग सहकार्य गरेर जाँदैमा फाइदा छ भन्ने प्रष्ट्याएपछि प्रचण्ड पछाडि हट्नैपर्ने मुडमा एक हप्ता अघिदेखि भएकैले सेफ ल्याण्डिङको मार्ग खोज्ने क्रममा कार्यदल आएको थियो । त्यसले प्रतिवेदन बुझाएको छ भने दुबै अध्यक्षले त्यसलाई स्वीकारेकैले सचिवालय बैठक भदौ १३ गतेका लागि बोलाइएको छ । यसबाट के देखिन्छ भने विवाद दुई अध्यक्षकाबीच थियो ।

त्यो विवादमा प्रचण्डलाई साथ दिन पार्टीका अधिकांश नेता कार्यकर्ता र सांसद तयार नभएपछि प्रचण्ड पछि हटे । प्रचण्ड पछि हट्ने वित्तिकै विवाद सकिए जस्तो भयो । तर, विवाद सकिएको छैन । यो त शुरुवात हो र यसले एकताको महाधिवेशनसम्म थाम्छ थाम्दैन हेर्न बाँकी छ ।

**विवादको जरो किलो :**

नेपालका राजनीतिक दलहरुभित्रको विवाद नीति र सिद्धान्तमा नभएको र व्यक्तिगत फाइदा र वेफाइदामा केन्द्रित भएकोले विश्लेष्कहरुलाई पनि विश्लेषण गर्न गाहारो छ । कहिले मिल्छ कहिले मिल्दैन । तर, एउटा प्रष्ट कुरा के छ भने यस किसिमको स्वार्थको राजनीतिले जनताले भने दुःख पाउँछन् ।

विवादको जरो दुई अध्यक्ष राखेकै समयदेखि नेकपामा गाडिएको थियो भने त्यसलाई बाँधेर राख्ने किलो गतिलोसँग गाड्न महाधिवेशनसम्म पुग्नु पर्नेमा त्यहाँ नपुगी दुईपटक हल्लिइसकेको छ । पहिलो पटक हल्लिएको किलोलाई गत २०७६ साल मंसिर४ मा दुई अध्यक्षबीचको सहमतिले ठोकेर बलियो बनाएको थियो ।

तर, त्यो किलो फेरि नयाँ बर्ष २०७७ साल लागेदेखि कोरोना भाइरसको निहुँबाट अलि-अलि हल्लिन थाल्यो । त्यसलाई बल गरेर हल्लाउन र थाम्न देशी र विदेशी शक्ति लागे । परिणाम अहिले फेरि किलो ठोक्ने काम भएको छ । कति बलियो किलो ठोकिन्छ, यसै भन्न सकिने अवस्था छैन ।

र, अन्त्यमा, अहिलेको अवस्था अर्थात् कार्यदलको प्रतिवेदनमा सहमति गरेर प्रचण्ड पछि हटेको अवस्थाको पर्दा पछाडिको दृश्य भनेको ओलीले प्रचण्डलाई सेफ ल्याण्डिङ गर्ने अवसर दिएर उदारता देखाएका छन् । यो पंक्तिकारले विद्यमान अवस्थाको विश्लेषणबाट देखेको महशुस गरेको हो कसैको पक्ष वा विपक्षमा व्याख्या गरेको होइन । सबैलाई चेतना भया ।

# न्यास्रिएका शिक्षक–विद्यार्थीलाई वैकल्पिक सिकाइको सहारा

**प्रकाश सिलवाल**

नैकापस्थित कङ्काली माविले कक्षा ६ देखि १० सम्मका विद्यार्थीलाई नियमित अनलाइन माध्यमबाट सिकाइलाई निरन्तरता दिइरहेको छ। कक्षा ६ भन्दा तल्लो तहका विद्यार्थीलाई विद्यालयले स्वाध्यायन गराइरहेको छ। विद्यार्थीले घरमा आफैं पढ्ने र समय-समयमा शिक्षकले सम्पर्कका माध्यमबाट अनुगमन र सहजीकरण गर्ने गरेका छन् ।

गत वर्षसम्म कूल ५१० विद्यार्थी रहेका सो माविमा यस वर्ष तीन सय ५० विद्यार्थीले मात्र नयाँ शैक्षिकसत्रका लागि नाम दर्ता गराएका छन् । सुदूरपश्चिमाञ्चल प्रदेशका विद्यार्थी बढिरहेको यस विद्यालयमा अधिकांश विद्यार्थीसँग इन्टरनेटको पहुँचका लागि आर्थिक हैसियत नभएकाले विद्यालयले सबै विद्यार्थीका लागि रु. डेढ करोडको लगातमा डाटा प्याकसहित प्रतिव्यक्ति प्रतिल्यापटप दिलाउन दाता खोजिरहेको छ। 'कतिपयको घरमा खाने चामल त पर्याप्त छैन, उनीहरुलाई डाटा चलाएर इन्टरनेटमा पढाइका लागि अनिवार्य गराउन सक्दैनौं, त्यही भएर पूर्वाधारमा सहयोगको खोजी गरिरहेका छौं ।' - उक्त माविका प्रधानाध्यापक एवम् नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका काठमाडौं जिल्ला अध्यक्ष विष्णु पनेरु भन्नुहुन्छ ।

कलङ्कीस्थित जनपथ माविका प्रधानाध्यापक जीतबहादुर लामिछानेलाई पनि विद्यालय खुल्न नसक्दा र सबै तहका विद्यार्थीलाई अनलाइन शिक्षा दिन नसक्दा शैक्षिकसत्र पूरा कसरी गराउने भन्ने चिन्ता छ। काठमाडौं उपत्यकामा कोरोनाको संक्रमण खासै नदेखिएको समयमा कतिपय विद्यार्थीलाई विद्यालयमै बोलाएर पढाइ गरे पनि हाल बढ्दो जोखिमका कारण विद्यालयमा शिक्षकहरु पनि नियमित आउनसक्ने स्थिति छैन। सो विद्यालयले अहिले कक्षा १० मा मात्रै दिनमा दुई 'पिरियड' अनलाइन शिक्षा सञ्चालन गरिरहेको छ। त्यसमा कक्षा १० का ४९ विद्यार्थीमध्ये सबैजना सहभागी छन् । यहाँ पनि औपचारिक भर्ना नभएकाले सबै कक्षामा गरी करिब आठ सय विद्यार्थी रहेकामा ती सबै सम्पर्कमा छैनन् । कोही गाउँतिर छन् । कोही सूचना र प्रविधिको पहुँचबाट टाढा छन् । हालसम्म दुई सय १५ विद्यार्थीले मात्रै नाम दर्ता गराएका छन् । प्रधानाध्यापक लामिछानेले विद्यार्थीलाई नियमित भेट्न नपाउँदा शिक्षक र विद्यार्थीहरु न्यास्रिएको र विद्यार्थीले कहिलेदेखि पढाइ होला, वार्षिक पाठ्यक्रम कसरी पूरा होला, कक्षा १२ को परीक्षा के होला भनेर फोनबाट चासो दिने गरेको जनाउँदै भन्नुभयो- 'यसरी बसेर जागिर खाँदा हामीलाई पनि अपाच्य जस्तो लागेको छ। बाहिर निस्कन समेत गाह्रो छ, तर विद्यार्थीप्रतिको जिम्मेवारीबोधले हामीलाई थिचेको छ।'

अनामनगरस्थित नेपाल मेगा विद्यालयकी 'प्रि-प्राइमरी इन्चार्ज' पार्वती वाग्लेले भने आफूहरुकामा सबै विद्यार्थी अनलाइन शिक्षामा नजोडिए पनि अधिकांश विद्यार्थीलाई नियमित सिकाइ भइरहेको जनाउनुभयो। 'प्रत्यक्ष भेट्न नपाएर निकै न्यास्रो लागिरहेको छ, तर अनलाइनका माध्यमबाट बच्चासँग टाढा भने छैनौं। प्रत्यक्ष भेट्न नपाउँदा कताकता नराम्रो अनुभव लागेको छ' -वाग्लेले भन्नुभयो- 'हामीले विद्यार्थीका दैनिक गतिविधि हेरिरहेका छैनौं। विकट गाउँमा रहेका विद्यार्थी अनलाइन कक्षामा जोडिन नपाए पनि शहरमा रहेका अधिकांश विद्यार्थी जोडिएका छन्। नआउने विद्यार्थीसँग पनि सम्पर्क भइरहेको छ।'

कोभिड- १९ को विश्वव्यापी प्रभावका कारण गत चैत ५ गतेदेखि बन्द शिक्षालय हालसम्म खुल्न नसकेपछि वैकल्पिक सिकाइ प्रणालीबाट विद्यालय र विश्वविद्यालय तहसम्म सिकाइ सहजीकरण भइरहेको छ। तर, अहिलेसम्म यस प्रणालीलाई शैक्षिकसत्रको औपचारिक मान्यता दिइएको छैन।

देशको राजधानी रहेको काठमाडौंकै नाम चलेका विद्यालयमै वैकल्पिक सिकाइ प्रणालीको यस्तो हालत छ भने देशका विकट भूगोल र विपन्न एवम् सिमान्तकृत समुदायका विद्यार्थीलाई अनलाइन शिक्षा लिनु कति दुरुह होला ? संविधानतः विद्यालय तहको शिक्षा सञ्चालनको अधिकार स्थानीय तहको भए तापनि कोरोना महामारीको विषम स्थिति, केही महिना मुलुकभर बन्दाबन्दीको आदेश जारी भएको अवस्था र अहिले पनि विभिन्न जिल्लामा निषेधाज्ञा कायम भएकाले स्थानीय तहले मात्रै निर्णय गरेर बन्द रहेका विद्यालय खोल्ने जोखिमपूर्ण निर्णय लिने स्थिति छैन। स्थानीय तहले त्यसरी विद्यालय खोले पनि स्वास्थ्य जोखिमका कारण अभिभावकले ढुक्क भएर आफ्ना बालबालिककालाई विद्यालय पठाउने आधार तयार भइसकेको छैन।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आफ्नो परिवेश र उपलब्ध सञ्चार पहुँचका आधारमा दूर तथा खुला शिक्षा लगायत वैकल्पिक प्रणालीका माध्यमबाट प्रभावकारी र व्यवस्थितरूपमा सिकाइमा निरन्तरता दिन गत जेठ १८ गते 'वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७' जारी गरी गत असार १ गतेदेखि अनिवार्य कार्यान्वयन गराउन भनेको थियो।

यस प्रणालीमा सूचना, सञ्चार र प्रविधिको प्रयोगबाट अनलाइन, रेडियो, टेलिभिजन र अफलाइन माध्यम अपनाइन्छ। अब यस प्रणालीलाई चालू शैक्षिकसत्रको मान्यता दिँदा गत असार १ गतेदेखि गणना गर्ने वा निर्णय भएको मितिबाट लागू गर्ने भन्ने पनि स्पष्ट भइसकेको छैन। पहिल्यैदेखि मान्यता दिँदा सबै विद्यार्थीको यस प्रणालीमा सहभागिता नभएको स्थिति र अबदेखि मान्यता दिँदा 'कोर्ष' अगाडि पुगिसकेका विद्यार्थी र शुरु नै नगरेका विद्यार्थीबीचको संयोजन गर्न शिक्षकहरुलाई चुनौतिपूर्ण हुने भएको छ। अर्कोतिर निजी तथा आवासीय विद्यालय पनि वैकल्पिक प्रणालीलाई चाँडै शैक्षिकसत्रको मान्यता दिइए नियमित शुल्क उठाउन पाइएला भनेर समय कुरेर बसेका छन्। सरकारले यस वैकल्पिक प्रणालीमा विद्यार्थी भर्ना गर्न र शुल्क लिन रोक लगाएको छ। कतिपय निजी विद्यालयले पूर्ववत् शुल्कमा केही कटौती गरेर आफूखुशी शुल्क उठाइ पनि रहेका छन्।

हाल मुलुकभर कूल ३५ हजार छ सय एक विद्यालयमा गरी ७१ लाख विद्यार्थी छन्। एक तथ्याङ्क अनुसार मुलुकभर इन्टरनेटमा ७५ प्रतिशत, रेडियोमा ८५ प्रतिशत, टेलिभिजनको पहुँच ७२ प्रतिशत जनसंख्यामा र मोबाइल प्रयोगकर्ता चार करोड मानिसमा रहेको पाइए पनि शिक्षामा यसको त्यसरुपमा प्रयोग भएको पाइँदैन। संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)ले हालै सार्वजनिक गरेको प्रतिवेदनमा नेपालका एकतिहाइ बालकालिकाले मात्रै वैकल्पिक प्रणालीको शिक्षामा पहुँच पाइरहेको जनाइएको छ। विविध कारणले दुईतिहाइ (करिब ५४ लाख) बालबालिकाले वैकल्पिक प्रणालीमा सहभागिता जनाउन नपाएकाले उनीहरुलाई स्थानीय तहले पूर्वाधार सहयोग गर्नुपर्ने देखिन्छ। विद्यालयमा जाने दिवा खाजाको बजेट रकमान्तर गरेर सूचना र प्रविधिमा खर्च गर्न पनि सुझाव दिइएको छ।

वैकल्पिकलाई मूलधार मानेर शैक्षिकसत्रमा मान्यता दिइ विपन्न र प्रविधिको पहुँच नभएका विद्यार्थीका लागि निःशुल्क मोबाइल र इन्टरनेट सुविधानका लागि स्थानीय तहले बजेट विनियोजन नगरेसम्म यस प्रणालीको प्रभावकारी कार्यान्वयन हुन नसक्ने अभिभावकको भनाइ छ। सरकारले यसअघि भदौ १६ देखि विद्यालयमा भर्ना शुरु गर्ने भनेकामा भदौ मसान्तसम्मको मिति सारेको छ।

निर्देशिकाले निर्दिष्ट गरे अनुसार मानव स्रोत विकास केन्द्रद्वारा पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई उत्पादन गरिएका विषयगत श्रव्यदृश्य पाठ प्रसारण भने भइरहेका छन्। तर, कहाँ कति विद्यार्थील त्यसको उपयोग गरिरहेका छन् भन्नेबारेमा सम्बन्धित निकायसँग विवरण छैन। शिक्षा मन्त्रालयका एवम् शैक्षिकसत्र व्यवस्थापन सुझाव कार्यदलका संयोजक शीपक शर्माले हालसम्मको सिकाइबारे विद्यार्थीगत व्यक्तिगत मूल्याङ्कन गरेर कोर्ष अघि बढाइने र अब हरेक विद्यालयले विद्यार्थी यकिन गर्न अनलाइनबाटै भर्ना (अभिलेखीकरण) गराई शैक्षिक तथ्याङ्क प्रणालीलाई व्यवस्थित गर्ने गरी निर्देशिकालाई एक साताभित्र संशोधन गरिने भएको जानकारी दिनुभयो। यसपछि वैकल्पिक प्रणालीले मूलधारको मान्यता पाउनेछ।

शिक्षामन्त्री गिरीराजमणि पोखरेलले आपतकालमा ज्यान बचाउनु महत्वपूर्ण कुरा भए पनि आपतकालका नाममा बालबालिकाको विकास र सिकाइमा सम्झौता गर्न भने नसकिने जनाउँदै आउनुभएको छ। पाठ्यक्रमद्वारा निर्धारण गरिएको समायावधि र पूर्णाङ्कमा संकुचन र वैकल्पिक माध्यमबाट सिकेका विषयलाई मूल्याङ्कनको दायरामा ल्याएर भए पनि शैक्षिकसत्र खेर जान नदिने उहाँको प्रतिबद्धता छ।

नेपाल शिक्षक महासङ्घका अध्यक्ष बाबुराम थापाले विषम स्थितिमा नियमितसरहको शैक्षिक परिणाम र सञ्चालनको अपेक्षा गर्नु उपयुक्त नहुने जनाउँदै अहिले स्वाध्यायनलाई प्राथमिकता दिन र शिक्षकलाई दोषारोपण नगर्न आग्रह गर्नुभयो। युनेस्को काठमाडौंका शिक्षा प्रमुख बलराम तिमल्सिना नियमितरुपमा वैकल्पिक सिकाइ प्रणालीमा भाग लिएको र वैकल्पिक प्रणालीमा पहुँच र सहभागिता नपाउने त्यसमा अझ सिमान्तीकृत समुदायका बालबालिकामा हिनताबोध उत्पन्न भई उनीहरुको वार्षिक परीक्षा कमजोर हुने चिन्ता पैदा भएको बताउनुहुन्छ। युनेस्कोले कक्षा छाड्ने दर बढ्नसक्ने भनी युनेस्कोका आफ्ना सदस्य मुलुकलाई सचेत गराइसकेको छ।

# झापामा कारागारमा भौतिक संरचनाको निर्माण धमाधम



**भद्रपुर, भदौ १६।** क्षमताभन्दा चार गुणा कैदीबन्दी राखिएको झापा कारागार भद्रपुरमा ९२ लाख ३० हजारको लागतमा विभिन्न भौतिक संरचना निर्माण गरिएको छ ।

निर्माण गरिएको सो भौतिक संरचनाहरुको सोमबार एक कार्यक्रमबिच उद्घाटन गरिएको छ । झापाका प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगर र जिल्ला प्रहरी कार्यालय झापाका एसपी कृष्णप्रसाद कोइरालाले संयुक्तरुपमा उद्घाटन गरेका हुन् ।

क्षमताभन्दा बढी कैदीबन्दीले कारागारको जनजीवन अस्तव्यस्त बन्दै गएपछि कारागार व्यवस्थापन विभागले भौतिक संरचना निर्माणका लागि गत आर्थिक वर्ष २०७६/०७७ मा बजेट पठाएको थियो । बजेट प्राप्त भएपछि कारागारमा ५५ लाखको पक्की पर्खाल निर्माण गरी क्षेत्र विस्तार गरिएको छ ।

त्यस्तै कैदीबन्दीलाई खानेपानीको लागि २० लाखमा पानी ट्याङ्की निर्माण गरिएको, पाँच लाखको लागतमा मुख्य प्रवेशद्वार, बन्दीहरूको सहजताका लागि पाँच लाखमा भिडियो कन्फरेन्स, पाँच लाखको लागतमा वाक थ्रु मेसिन, दुई लाखमा फिङ्गर प्रिन्ट र ३० हजारमा मेटल डिटेक्टर (शरीरमा छुवाउने) मेसिनको व्यवस्थापन गरिएको कारागारका जेलर राजेन्द्रप्रसाद निरौलाले जानकारी दिए । उता महिला विभागमा भान्सा कोठाको समेत विस्तार गरिएको उनले बताए ।

कारागारमा गत वैशाख २५ गते हाजिर भइसकेपछि जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय र कारागार व्यवस्थापन विभागसँग समन्वय गरी कारागार सुधारका लागि माग गरिएको बजेट प्राप्त भएको र त्यही बजेटले विभिन्न संरचनाहरु निर्माण गर्न सफल भएको उनले बताए । उनका अनुसार कारागारमा पाथीभरा हस्पिटल भद्रपुरले प्रत्येक महिनाको दोस्रो बिहीबार स्वास्थ्य शिविर र सेन्टजेभियर्स सोसाइटीबाट कैदीबन्दीलाई निःशुल्क औषधि सहयोग हुँदै आएको छ । कैदीबन्दीलाई उपचारमा समस्या देखिएकोले पाँच जनाको समूह बनाएर प्रत्येक समूहबाट तीन हजार पाँच सय रुपैयाँ सङ्कलन गरी स्वास्थ्य बिमा समेत गराइएको छ । कारागारभित्र आफैले अंग्रेजी विषयमा अध्यायपन र विभिन्न चेतनामूलक तालिम प्रदान गरिएको बताए ।

कारागार जीर्ण र साँगुरो भवन भएका कारण गृह प्रशासनले १० विगाहको क्षेत्रफलमा नयाँ कारागार निर्माण गर्ने तयारीमा जुटेको झापाका प्रमुख जिल्ला अधिकारी राना मगरले बताए । 'भद्रपुर- १० स्थित ग्रामीण प्रशिक्षण केन्द्र कलबलगुरी क्षेत्रमा नयाँ कारागार निर्माण हुने गरी जग्गा प्राप्त भइसकेको छ' -उनले भने- 'कारागारका निर्माणका लागि चालू आर्थिक वर्षमा नै डिपीआर हुने विश्वास छ ।'

साँगुरो भवनका कारण कैदीबन्दीलाई समस्या भइरहेको बेला सबैको सहयोगमा कारागारमा केही संरचना थपिएको प्रहरी कार्यालय झापाका एसपी कोइरालाले बताए । विगतको अनुसन्धान दबाबमा हुँदै आएकोमा पछिल्लो समय प्रमाणका आधारमा मात्र दोषी ठहरिँदै आएको उनले बताए । तीन सय कैदी बन्दीको मात्र क्षमता रहेको कारागारमा हाल एक हजार ६८ पुरुष र चार आश्रित सहित ८० जना महिला रहेका छन् ।

# अर्जुनधारामा सन्तभवन र खडेबाबा चिल्ड्रेन पार्क

**अर्जुनधारा, भदौ १६।** नेपाल सरकारको 'सय पर्यटकीय गन्तव्य'को सूचीमा सूचिकृत भएसँगै प्राप्त अनुदानबाट अर्जुनधारा-७ स्थित अर्जुनधारा जलेश्वरधाम परिसरमा पूर्वाधार विकास अन्तर्गत विभिन्न कार्य भएका छन् ।

पूर्वको पशुपतिनाथले परिचित उक्त धाम 'सय पर्यटकीय गन्तव्य'मा सूचिकृत भएकै आर्थिक वर्षमा ५० लाख र गत आर्थिक वर्ष २०७६/०७७ मा ५० लाख गरी हालसम्म एक करोड रुपैयाँ संघीय सरकार पर्यटन मन्त्रालयबाट प्राप्त भएको धाम समितिका कोषाध्यक्ष मनोज जोशीले जानकारी दिए ।

कोषाध्यक्ष जोशीका अनुसार अघिल्लो आर्थिक वर्षमा प्राप्त ५० लाख रुपैयाँको लगानीमा धाम परिसरमा रहेको सन्त भवन निर्माण, खडेबाबा चिल्ड्रेन पार्क र धाम परिसरमा रहेको परिक्रमा मार्गमा पेभर्स ओछ्याउने कार्य भएको बताइएको छ ।



त्यसैगरी गत आर्थिक वर्षमा प्राप्त ५० लाख रुपैयाँको लगानीमा धाम परिसरमा कम्पाउण्ड वाल निर्माण गरिएको छ । धाम परिसरको उत्तर पूर्व र दक्षिण भागमा गरी जम्मा दुई सय ६५ मिटर लम्बाई र २.७५ मिटर उचाई भएको आकर्षक शैलीको कम्पाउण्ड वाल निर्माण कार्य गत वैशाखमा शुरु भई असारमा सम्पन्न भएको कार्यालय सचिव विष्णु भट्टराईले बताए ।

आर्थिक वर्ष २०७५/०७६ देखि 'सय पर्यटकीय गन्तव्य'मा सूचिकृत धाम परिसरमा आगामी दिनमा थप आकर्षक पूर्वाधार विकासका लागि तीन वटै सरकारसँग गुरुयोजनासहित प्रक्रिया अगाडि बढाइएको धाम समितिले जनाएको छ ।

# जीवन बचाइदिन आग्रह



**बिर्तामोड, भदौ १६।** बिर्तामोड-५ कि एक किशोरीले आफ्नो उपचारमा आर्थिक अभाव भएको भन्दै सहयोग गरिदिन आग्रह गरेकी छिन् ।

गत साउन २८ गते पानी खाँदा सर्किएको र सिकिस्त विरामी भएपछि उनलाई उपचारका लागि बिर्तासिटी हस्पिटल पुर्‍याइएको थियो । उनको पानीकै कारण फोक्सोमा इन्फेक्सन भएको चिकित्सकले बताएको उनकी आमा राधा दासले जानकारी दिइन् ।

बिर्तामोडस्थित देवी माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत् पूर्णिमा दास अहिले पनि आइसियु कक्षमा उपचाररत् रहेको र पारिवारिक अवस्था दयनीय भएकाले आर्थिक सहयोगको याचना गरेको आमा राधाको भनाइ छ । श्रीमान्को समेत निधन भइसकेको र छोरी समेत जीवनमरणको दोसाँधमा रहेकाले सबैले आर्थिक सहयोग गरिदिए छोरी बाँच्ने भन्दै आफ्नै छोरी सम्झेर सहयोग गरिदिन सबैसँग आग्रह गरेकी छिन् ।

पूर्वाञ्चल दैनिकको कार्यालयमा नै आएर राधाले सबैलाई सहयोग गरिदिन र छोरीको ब्रेनमा समेत समस्या देखिएकाले थप उपचारका लागि विराटनगरस्थित नोबेल मेडिकल अस्पताल लैजानुपर्ने भएकाले सहयोग गरिदिन अनुरोध गरेकी छिन् । पूर्णिमालाई सहयोग गर्न चाहनेले ९८१५९९२४८८ नम्बरमा सम्पर्क गरिदिन आग्रह गरिएको छ ।

# निश्चललाई पुनरूत्थान युवा समाजको सहयोग

**बिर्तामोड, भदौ १६।** पुनरुत्थान युवा समाज झापाले ब्लड क्यान्सरबाट पीडित बनेका निश्चल गड्तौलालाई आर्थिक सहयोग गरेको छ ।

तेह्रथुम म्याङ्लुङ नगरपालिका-२ साविक पिप्ले निवासी गोपाल गड्तौलाको कान्छा छोरा निश्चललाई पुनरुत्थान युवा समूहले ३२ हजार आठ सय १० रुपैयाँ प्रदान गरेको हो ।

उक्त रकम रमेश लोहार, वैदेशिक रोजगारीको शिलशिलामा मलेसियामा रहेकी पारु लोहार र इलाम निवासी संगीता राईको नेतृत्वमा वैदेशिक रोजगारीको शिलशिलामा मलेसियामा रहेका र अन्यवाट संकलन गरेर निश्चलका बुवा गोपाल गड्तौलाको सानिमा बैंक तेह्रथुम म्याङ्लुङमा रहेको खातामा जम्मा गरिसकेको पुनरुत्थान युवा समाजले जनाएको छ ।

विरामी भएर तेह्रथुम जिल्ला अस्पताल पुगेका निश्चललाई तेह्रथुम जिल्ला अस्पतालले थप उपचारका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपा क्याम्प धरान पठाएको थियो । घोपा क्याम्पमा निश्चललाई ब्लड क्यान्सर भएको पत्ता लागेको निश्चलका बुवा गोपाल गड्तौलाले बताए ।



विगत चार वर्षदेखि ब्लड क्यान्सरबाट पीडित बनेका निश्चलको उपचार हाल कान्ती बाल अस्पताल काठमाडौंमा भइरहेको उनले जानकारी दिए ।

निश्चलको उपचारका लागि हालसम्म छ-सात लाख रुपैयाँ खर्च भइसकेको र थप उपचारका लागि अझै लाखौं रकम खर्च हुने चिकित्सकले बताएकाले आर्थिक अवस्था कमजोर भएकाले छोराको उपचारका लागि सबैसँग सहयोगको अपिल गरेको उनले बताए । उनले छोराको उपचारमा सहयोग पुर्‍याउने पुनरुत्थान युवा समाजलाई धन्यवाद दिँदै अरुलाई पनि छोराको उपचारमा सहयोग गर्न आग्रह गरे ।

छोराको उपचारमा सहयोग गर्न चाहनेलाई गोपाल गड्तौलाको सानिमा बैंक तेह्रथुम म्याङ्लुङमा रहेको खाता नं. ०१६०११०१०१००००११९ मा रकम जम्मा गर्नुहुन उनले सवैलाई आग्रह गरेका छन् ।


**घडेरी बिक्रीमा**

बिर्तामोडबाट ३.८ कि.मी. दूरीमा लक्ष्मीपुरबाट उत्तर अति सस्तो दरमा घडेरीहरु बिक्रीमा छ ।

**सम्पर्कः ९८४१३२८७९८ ९८१८९४०३१३**

**बिमालेख हरायो**

सुरुङ्गाबाट बिर्तामोड आउने क्रममा यही मिति २०७७/०२/२० गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नाम**:- कृतिका सिटौला
**ठेगाना**:- कनकाई–३, झापा
**पोलेसी नं.**:- २०२०३६०४८
**कम्पनी नाम**: नेपाल लाइफ इन्स्योरेन्स क.
**सम्पर्क**: ९८०४९९७३००


## भद्रपुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर, झापा प्रदेश नं. १ नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*प्रकाशित मितिः २०७७/०५/१६*

यस कार्यालयलाई आर्थिक वर्ष २०७७/०७८ मा आवश्यक पर्ने विभिन्न मालसामानहरु आपूर्ति सम्बन्धी पर्न आएको बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि आशय प्रकट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त कामका लागि सरोकारवाला व्यक्ति तथा फर्म वा बोलपत्र पेश गरेका अन्य सबै बोलपत्रदाताहरुलाई यसै सूचनाबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनका लागि समेत जानकारी गराइएको छ ।

**तपसिल**

| क्र. सं. | बोलपत्र । ठेक्का कामको विवरण | स्वीकृतका लागि छनौट भएका बोलपत्र दाताको नाम, ठेगाना | बोलपत्रमा स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|
| (१) | स्टेशनरी, मसलन्द तथा सरसफाई | श्री विराट कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. इटहरी न.पा. ४ | रु.१६,५५,७४०।०० (सोह्र लाख पचपन्न हजार सात सय चालिस मात्र ।) | |
| (२) | छपाई कार्यका सामानहरु | श्री यूनिक अफसेट प्रेस, बिर्तामोड | रु ७,०५,२।०० (सात लाख पाँच हजार दुईसय मात्र ) | |
| (३) | सडकबत्तीमा प्रयोग हुने विद्युतीय सामानहरु (एल.ई.डी.बल) | श्री नेएस्को टेक इन्टरनेशनल, काठमाडौं | रु.९,३०,०००।०० (नौ लाख तिस हजार मात्र) | |
| (४) | सडकबत्तीमा प्रयोग हुने विद्युतीय सामानहरु (एल.ई.डी.बल बाहेक) | श्री नेएस्को टेक इन्टरनेशनल, काठमाडौं | रु.१३,२७,४८०।०० (तेह्र लाख सत्ताइस हजार चार सय असीमात्र) | |

**– प्रमुख प्रशासकीय अधिकृत**


**टाटा सुमो गाडी भाडामा चाहिएमा**

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।

**मो.९८१५९५२४९९ ९८४१३२१४६४**




सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३–५४६००५



**दमक सम्पर्कः**
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



**सम्पर्कः ०२३–५५०६२०**
**९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४**

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनहोस् ।



**सम्पर्कः ९८१४९९३७१२, ९८०६०८३८७६, ९८२४९८११७४**

**पायल्स तथा हाडजोर्नी**

दक्ष तथा अनुभवी डाक्टरद्वारा दैनिक चेक । पायल्स, कब्जीयत, नशा च्यापिएको, थाइराइड, गुप्त रोगहरु, प्यारालाइसीस, बाथ, फिसर, फिगटुला, पिनास, सुगर, प्रेसर लगायत सम्पूर्ण रोग ।

**बिर्ता आयुर्वेद एक फिजीयोथेरापी**
**अदुवा खोला छेउ, बिर्तामोड**
**फोनः ०२३–५९०१६६, ९८०६०००३१३, ९८४२७१६५८८**

**कर्मचारी आवश्यकता**

**सेल्स/मार्केटिङ** : १५ महिला/पुरुष
**काम गर्ने स्थानः** काँकरभिट्टा, चारआली धाइजन, सुरुङ्गा, चारपाने, चन्द्रगढी, भद्रपुर, बिर्तामोड ।
**तलबः** १२,६००+कमिशन+बोनस

Nepal Jobs Care Service Pvt. Ltd.
**मो. ९८२६९२०००१, ९८४४६८५०००**




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
अर्थअभाव खट्किनाले बनिसकेको काम दोहोर्‍याउनुपर्ला । पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
सोखले खर्च बढाए पनि विलासी वस्तुहरू जुटाउने समय छ । तत्काल लाभ उठाउँदा पछि हुने फाइदा घट्न सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
तापनि टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ भने लामो यात्रा गर्ने अवसर जुट्नेछ । छर-छिमेकबाट योजना गोप्य राख्नुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
परिश्रम परे पनि कम प्रतिफलमा चित्त बुझाउनुपर्ने परिस्थिति रहला । खोजी गर्दा आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्लान् । आम्दानी भए पनि फजुल खर्च बढ्नाले अर्थ अभाव देखा पर्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
आवश्यकता पूरा गर्न सरसापट लिनुपर्ने देखिन्छ । परिस्थितिवश आँटेका काममा विलम्ब हुन सक्छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
कर्मयोगले जीवनशैलीमा परिवर्तन ल्याउनेछ । विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
सामाजिक नेतृत्व हातलागी हुन सक्छ । व्यापारमा पनि राम्रै फाइदा हुनेछ । पदासीन व्यक्तिको सहयोग जुट्नेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । भोग-विलासमा मन जाने हुँदा खर्च बढ्न सक्छ । व्यर्थमा घुमफीर होला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
धेरै कामको दायित्व लिनाले बढी परिश्रम गर्नुपर्ला । तापनि प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ । यात्राको अवसर आउला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने मौका छ । उपलब्धिको स्रोत प्राप्त हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ । व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ । समाजमा तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ ।